# कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धी कार्यविधि ,२०७५

कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धी (प्रथम संशोधन) कार्यविधि ,२०७५ - २०७५/१२/०७
कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धी ( दोश्रो संशोधन) कार्यविधि ,२०७५- २०७६/३/३१
कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धी ( तेश्रो संशोधन) कार्यविधि ,२०७५- २०७७/५/०३

**प्रस्तावना** : प्रदेश सरकारको [♣]......................बजेट कार्यक्रम कार्यान्वयन गर्न र कृषि उत्पादन लागत घटाउन, युवाशक्तिलाई उत्पादन क्षेत्रमा आकर्शित गर्न, जमिन तथा श्रमिकको उत्पादकत्व वृद्धि गर्न साथै कृषिलाई आधुनिक, व्यवसायिक र प्रतिष्पर्धी बनाउन आवश्यक भएकोले यस कार्यविधिलाई मन्त्रिपरिषदले स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"आपुर्तिकर्ता"** भन्नाले कृषि यन्त्र उपकरण उपलब्ध गराउने कम्पनी, उत्पादक, वितरक, डिलरलाई सम्झनु पर्छ ।

(ख) [♠]**"आपुर्तिकर्ता / साझेदार मूल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको दफा ५ अनुसार गठित समितिलाई सम्झनु पर्छ ।

(ग) **"कृषि यन्त्र उपकरण"** भन्नाले बाली, पशुपन्छी, मत्स्य, मौरी आदी जस्ता कृषि उपजहरुको उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरणका कार्यमा प्रयोग हुने यन्त्र उपकरण, औजार र एट्याचमेन्टलाई सम्झनु पर्छ ।

[☼](ग१) **"निर्देशनालय"** भन्नाले कृषि विकास निर्देशनालय वा पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

---

[♣] दोश्रो संशोधनद्धारा झिकिएको

[♠] दोश्रो संशोधनद्धारा संशोधित

[☼] दोश्रो संशोधनद्धारा थप



Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

(घ) "**प्रदेश**" भन्नाले [⊗]बागमती प्रदेश सम्झनु पर्छ ।

(ङ) "**मन्त्रालय**" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ ।

(च) "**विज्ञ केन्द्र**" भन्नाले यस प्रदेशमा रहेका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाइ सम्झनु पर्छ ।

(छ) [♥] ...........................

(ज) "**साझेदार** " भन्नाले अनुदानमा कृषि यन्त्र उपकरण लिन ईच्छुक कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म , कृषि उद्यमी आदिलाई सम्झनु पर्छ ।

(झ) "**स्थानीय तह**" भन्नाले यस प्रदेशमा रहेका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ ।

(ञ) "**ज्ञान केन्द्र**" भन्नाले यस प्रदेशमा रहेका कृषि ज्ञान केन्द्रलाइ सम्झनु पर्छ ।

(ट) "**स्वलगानी**" भन्नाले साझेदारले अनुदान बाहेकको व्यहोर्ने रकमलाई सम्झनु पर्छ ।

३. <u>कार्यक्रमको उद्देश्यः</u> यस कार्यबिधि उद्देश्य देहाय वमोजिम हुनेः–

(क) कृषि उत्पादनमा लागत घटाउने,

(ख) युवाशक्तिलाई उत्पादनमा आकर्षण गर्ने,

(ग) जमिन तथा श्रमिकको उत्पादकत्व वृद्धि गर्ने,

(घ) कृषि कर्ममा यान्त्रीकरण प्रवर्द्धन गर्ने,

(ङ) कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,

(च) कृषिलाई आधुनिक, व्यवसायीक र प्रतिस्पर्धी बनाउने ।

## परिच्छेद-२
## कार्यक्रम सञ्चालनको प्रक्रिया

४. <u>कृषि यन्त्र उपकरणको आपूर्तिका लागि प्रस्ताव आव्हानः</u> (१) [⊗♠] ज्ञान केन्द्र/विज्ञ केन्द्रले कृषि यन्त्र उपकरणको आपूर्ति गर्न शिलबन्दी आव्हान गरी ईच्छुक आपूर्तिकर्ताबाट यन्त्र उपकरणहरुको क्षमता, मोडेल, ब्राण्ड र अन्य स्पेशिफिकेसनको आधारमा एकै खालका यन्त्र उपकरणहरुको समूहकृत गरी सिलबन्दी दररेट प्रस्ताव गर्न तीस दिने म्याद दिई राष्ट्रिय दैनिक पत्रिकामा अनुसूची-१(१) बमोजिमको कागजातहरु सहित पेश गर्न [⊗] सूचना आह्वान गर्नेछ ।[∅] यसरी सूचना आह्वान गर्दा साझेदारको प्रस्ताव आह्वानको सूचना पहिला गर्नुपर्दछ ।

---

[⊗] तेश्रो संशोधनद्वारा संशोधित

[♥] तेश्रो संशोधनद्वारा झिकिएको

[∅] तेश्रो संशोधनद्वारा थप

[♠] दोश्रो संशोधनद्वारा संशोधित



Scanned with CamScanner

मा. दावा दोर्जे
मन्त्री
मा. दावा दोर्जे लामा
मन्त्री

(२) [♠] अनुसूची-१(१) बमोजिमको संलग्न कागजातहरु र अनुसूची-३ बमोजिम आवेदनको ढाँचामा तोकिएको समय सिमा आपूर्तिकर्ताले ज्ञान केन्द्र/विज्ञ केन्द्रमा प्रस्ताव पेश गर्नुपर्नेछ ।

५. [♠]**आपूर्तिकर्ता / साझेदार मूल्याङ्कन समिति:** (१) प्रस्ताव मूल्याङ्कन गरी कृषि यन्त्र तथा सोको आपूर्तिकर्ता/ साझेदारहरु छनौट गर्न ज्ञान केन्द्र/ विज्ञ केन्द्रमा देहाय बमोजिमको समिति गठन हुनेछः-

(क) प्रमुख वा प्रमुखले तोकेको अधिकृत, ज्ञान केन्द्र/विज्ञ केन्द्र-अध्यक्ष

(ख) प्रमुख, आर्थिक प्रशासन, ज्ञान केन्द्र/विज्ञ केन्द्र -सदस्य

(ग) प्रमुख, योजना हर्ने शाखा, ज्ञान केन्द्र/विज्ञ केन्द्र -सदस्य

(घ) अधिकृत प्रतिनिधि, ज्ञान केन्द्र/विज्ञ केन्द्र - सदस्य

(ङ) प्रमुख, खरिद ईकाइ, ज्ञान केन्द्र/विज्ञ केन्द्र - सदस्य सचिव

(च) समितिले आवश्यकता अनुसार विशेषज्ञ वा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(२) [♠]आपूर्तिकर्ता मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) म्याद भित्र दर्ता भएका सिलबन्दी प्रस्तावहरु सकभर प्रस्तावदाता वा प्रतिनिधिको रोहवर खोल्ने ।

(ख) आपूर्तिकर्ता तथा कृषि यन्त्र उपकरणको छनौट गर्ने ।

(ग) छनौट भएका आपूर्तिकर्ताले अनुसूची-३ अनुसार प्रस्ताव गरेका यन्त्र उपकरणहरुको किसिम( Type), क्षमता(Capacity/ Horse Power), मोडेल(Model), ब्राण्ड( Brand) र अन्य स्पेशिफिकेसनको ( Specification) आधारमा एकै खालका यन्त्र उपकरणहरुको समुहकृत गरी, उक्त समूहमा सबै भन्दा न्यूनतम् मूल्यलाई(Lowest Rate) आधार मानी अनुदान रकम तोक्ने ।

(घ) प्रस्तावमा पेश भएका यन्त्र उपकरण समूहकृत गर्न नमिलेको अवस्थामा पेश गरेको सोही दरलाई न्यूनतम् मूल्य आधार मानी अनुदान रकम तोक्ने ।

(ङ) [⊗]अनुदान दिने प्रयोजनका लागि छनौट गरिएका आपूर्तिकर्ता तथा कृषि यन्त्र उपकरणहरु र छनौट भएका आपूर्तिकर्ताहरुको नामावली उपलब्ध हुने स्थान र अनुदान रकम आदि विवरणहरु ज्ञान केन्द्र वा विज्ञ केन्द्रले तयार गर्नुपर्नेछ ।

(च) [⊗]ज्ञान केन्द्र वा विज्ञ केन्द्रले प्राप्त विवरण तथा मागलाई अध्ययन गरी प्रभावकारिता,यान्त्रीकरणको आवश्यकताका आधारमा साझेदारहरुले माग गरेको यन्त्र उपकरणहरुको परिमाण र किसिम छनौट गरी स्वीकृत वार्षिक बजेटको परिधि भित्र

---

[⊗] तेश्रो संशोधनद्वारा संशोधित

[♠] दोश्रो संशोधनद्वारा संशोधित

Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

रही साझेदारहरुको अनुदान रकम एकिन गर्ने । साथै नपुग रकम अस्पष्ट आधार सहित थप रकम माग गर्न ज्ञान केन्द्र/विज्ञ केन्द्रमा सिफारिश गर्ने ।

(छ) ♥ ..........................

(ज) समितिले आवश्यकता अनुसार थप मापदण्डहरु तयार गरि आपूर्तिकर्ता र साझेदार छनौट सम्बन्धी काम गर्नेछ ।

६.♠**प्रस्ताव माग तथा कार्यक्रम सञ्चालन :** (१) यस कार्यविधि बमोजिम कृषि यन्त्र उपकरण लिन चाहने साझेदारका लागि तीस दिनको म्याद दिई ⊗ज्ञान केन्द्र/विज्ञ केन्द्रले अनुसूची-१ बमोजिम राष्ट्रिय/स्थानीय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नेछ।

(२) ♠अनुदान सहयोग लिन चाहने साझेदारले अनुसूची-४ बमोजिम तोकिएको म्याद भित्र सम्बन्धित ज्ञान केन्द्र वा विज्ञ केन्द्रमा प्रस्ताव पेश गर्नुपर्नेछ । ∅साझेदारले ई-मेल मार्फत पनि प्रस्ताव पेश गर्न सक्नेछ ।

♥☼(३) ............................

७. **मुल्याङ्कन समितिः** (१) ♥....................

(२)♣........................

(३)♣........................

८. **सम्झौताः** (१)♠प्रस्ताव स्वीकृत भएका साझेदारले जानकारी प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र अनुसुची-६ बमोजिम सम्बन्धित ज्ञान केन्द्र वा विज्ञ केन्द्रसँग सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समय सीमा भित्र सम्झौता गर्न नआएमा क्रमश प्राथमिकतामा रहेका साझेदार संस्थासँग सम्झौता गर्न सकिनेछ ।

(३)♣............................

(४)♣............................

---

♥ तेश्रो संशोधनद्वारा झिकिएको

⊗ तेश्रो संशोधनद्वारा संशोधित

∅ तेश्रो संशोधनद्वारा थप

♠ दोश्रो संशोधनद्वारा संशोधित

☼ दोश्रो संशोधनद्वारा थप

♣ दोश्रो संशोधनद्वारा झिकिएको

मा. दावा दोर्जे लामा
मन्त्री

९. **साझेदारको दायित्व** : ♦साझेदारले आपूर्तिकर्तासँग अनुसूची-७ बमोजिम सम्झौता गर्नुपर्नेछ । साझेदारले सम्झौतामा उल्लेख भएको कृषि यन्त्र उपकरण सूचिकृत भएको आपूर्तिकर्ताको बैंक खातामा रकम जम्मा गरी तोकिएको दररेटमा खरिद गर्नुपर्नेछ ।

१०. **भुक्तानी प्रक्रिया** : ♦साझेदारले अनुदान रकम भुक्तानी लिन आपूर्तिकर्ताको बैंक खातामा जम्मा गरेको सक्कल भौचर, बिल बिजक, अनुसूची- ५ बमोजिमको विवरण, यन्त्र उपकरणको फोटो र अन्य आवश्यक कागजातहरु ज्ञान केन्द्र वा विज्ञ केन्द्रमा पेश गर्नुपर्नेछ ।⊗ यसरी साझेदारले पेश गरेका कागजातहरु ज्ञान केन्द्र वा विज्ञ केन्द्रले चेकजाँच गरी सम्बन्धित ज्ञान केन्द्र/विज्ञ केन्द्रले १५ दिन भित्र साझेदारले पाउने अनुदान रकम बैंक खाता मार्फत भुक्तानी दिइने छ ।

११. **आपूर्तिकर्ताको दायित्व** : कृषि यन्त्र उपकरण आपूर्ति गर्ने आपूर्तिकर्ताले अनुसूची -८ को ढाँचामा प्रत्येक कृषि यन्त्र उपकरणमा स्पष्ट देखिने गरी लामो समय सम्म टिकाउ हुने स्टिकर टाँस्नु पर्नेछ ।

१२. **विशेष प्राथमिकता** : (१) जमिनको चक्लाबन्दी गरी सामूहिक खेती र पिछडिएको क्षेत्र तथा समुदायलाई विशेष प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय र स्थानीय तहहरुद्वारा सञ्चालित कार्यक्रम तथा आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा सञ्चालन गरिनेछ ।

(३) महिला कृषक, जनजाति तथा दलित समुदाय रहेको समूह/सहकारीलाई प्राथामिकता दिइनेछ ।

१३. **अनुगमन तथा मूल्याङ्कन:** (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन ज्ञान केन्द्र र विज्ञ केन्द्रले गर्नेछ ।

(२) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन आवश्यकता अनुसार मन्त्रालय, कृषि विकास निर्देशनालय र पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालयले गर्न सक्नेछन् ।

(३) उपदफा (१) र (२) बमोजिम गरिएको अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

---

⊗ तेश्रो संशोधनद्वारा संशोधित

♦ दोश्रो संशोधनद्वारा संशोधित

Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

## परिच्छेद ४

## कार्यक्रम संचालनको आर्थिक तथा अन्य पक्ष

१४. कार्यक्रम संचालनको आर्थिक पक्षः (१) ♠स्वीकृत वार्षिक कार्यक्रममा बजेटको व्यवस्था भए बमोजिम कृषि यन्त्र उपकरणमा ⊗पचास प्रतिशत अनुदानमा उपलब्ध गराइनेछ । साथै सामूहिक खेती गर्ने साझेदार संस्थाको हकमा ठूला कृषि यन्त्रमा पनि परल मूल्यको पचहत्तर प्रतिशत सम्म अनुदान उपलब्ध गराइनेछ ।

▲ (२) ......................

(३) कार्यक्रम बजेटको दुई प्रतिशत कन्टिन्जेन्सी बापत कट्टा गरिनेछ र सो रकम बैठक, अनुगमन, निरिक्षण, इन्धन, आदि कार्यमा खर्च गर्नेछ ।

१५. कारवाहीको व्यवस्थाः (१) सम्झौता अनुरुप काम नगर्ने आपूर्तिकर्तालाई ⊗♠मन्त्रालय/निर्देशनालय/ज्ञान केन्द्र/विज्ञ केन्द्रले प्रचलित कानून बमोजिम कारवाही गर्नेछ ।

(२) साझेदारले यस कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको वा अनुदान दुरुपयोग गरेमा वा यन्त्र उपकरणहरुको दुरुपयोग गरेमा त्यस्ता साझेदारबाट दश प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

१६. संशोधन : यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१७. प्रचलित कानून बमोजिम हुने : यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

---

⊗ तेश्रो संशोधनद्वारा संशोधित

♠ दोश्रो संशोधनद्वारा संशोधित

▲ दोश्रो संशोधनद्वारा खारेज

Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची - १

(दफा ६ सँग सम्बन्धित)

**साझेदारको लागि प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति:

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, ⊗बागमती प्रदेश, हेटौंडा अन्तर्गत ♠कृषि विकास निर्देशनालय वा पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय ∅मातहतको कृषि ज्ञान केन्द्र........../भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र.........को आ.व. ............ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धी कार्यविधि , २०७५ अनुसार कृषि यन्त्र उपकरणहरु खरिद गर्न ⊗बागमती प्रदेश का कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म, कृषि उद्यमीले यो सूचना प्रकाशित भएको ♠तीस दिनभित्र कार्यालय समय भित्र सम्बन्धित कृषि ज्ञान केन्द्र वा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा देहाय बमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**पेश गर्नुपर्ने कागजातहरुको विवरण:**

१. रु.१०।-को हुलाक टिकट टाँस गरेको निवेदन,
२. मेशिनरी औजार संचालन तथा मर्मत सम्बन्धी तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपि,
३. आधिकारिक दर्ता प्रमाण पत्रको प्रतिलिपि,
४. संस्था नविकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र,
५. साझेदारको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि ,

---

⊗ तेश्रो संशोधनद्वारा संशोधित

∅ तेश्रो संशोधनद्वारा थप

♠ दोश्रो संशोधनद्वारा संशोधित

Scanned with CamScanner

६. ♥..............

७. साझेदारको निर्णय प्रतिलिपि,

८. साझेदारले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र,

९. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र फोटो १ प्रति ( पासपोर्ट साइजको) ।

मा. दावा दोर्जे लामा
मन्त्री

---

♥ तेश्रो संशोधनद्वारा झिकिएको

Scanned with CamScanner

अनुसूची – १(१)
(दफा ४ सँग सम्बन्धित)

प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु

मा. दावा दोर्जे लामा
मन्त्री

(क) आपूर्तिकर्ताको लागि ( सिलबन्दी मा पेश गर्नुपर्ने)

१. संस्था दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
२. संस्था नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि वा कम्पनि भएमा कम्पनि रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनि अद्यावधिक भएको पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नु पर्ने,
३. संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
४. पछिल्लो दुई आ.व. को लेखा परिक्षणको प्रमाणित प्रतिलिपि( २ वर्ष सम्बन्धित कामको अनुभव हुनु पर्ने),
५. पछिल्लो आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
६. आधिकारिक एजेन्टको ( Authorized Agent) प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
७. कृषि औजार उपकरणहरुको Specification खुल्ने Catalogs र Leaflets,
८. सम्भव भए सम्म बुझिने भाषामा आधिकारिक टेष्ट सर्टिफिकेटको ( Test Certificate) प्रमाणित प्रतिलिपि,
९. आधिकारिक डिलर, सर्भिस सेन्टरको संस्था दर्ता, PAN/VAT प्रमाण पत्र र सम्झौता पत्रको प्रमाणित प्रतिलिपि,
१०. प्रस्ताव साथ अनुसूची-३ को बुंदा १० मा पेश गरेको चालु आ.व. मा आपूर्ति गर्न सक्ने रकमको ⊗२.०% बराबरको सोही आ.व. को असार मसान्त सम्म म्याद भएको बैक ग्यारेन्टी वा सो बराबरको रकम यस ⊗कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले तोकेको खातामा जम्मा गरी सक्कल भौचर सहित पेश गर्नु पर्नेछ ।

---

⊗ तेश्रो संशोधनद्वारा संशोधित
☼ दोश्रो संशोधनद्वारा थप

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची-२

## अनुदानमा वितरण गरिने कृषि औजार उपकरणहरु

क. खाद्यान्न बाली, तरकारी, फलफूल बालीको लागि

| सि.नं. | कृषि मेशिनरी, औजार उपकरणहरुको नाम | क्षमता (hp) / आदि |
|---|---|---|
| ▲ | ………………… | |
| २. | चार पांग्रे ट्रयाक्टरका एट्याचमेन्टहरु☼ (ब्लू बुक अनिवार्य पेश गर्नु पर्ने) | |
| | २.१ कल्टिभेटर | |
| | २.२ डिस्क प्लाव | |
| | २.३ डिस्क हैरो | |
| | २.४ एम. बि. प्लाव | |
| | २.५ हिलो चक्का /एन्टी स्कीड व्हील | |
| | २.६ एस वा सी टाईप रोटाभेटर | |
| | २.७ लेभलर | |
| | २.८ सिड कम फर्टिलाईजर डिल | |
| | २.९ सिड ड्रिल | |
| | २.१० सिड प्लान्टर | |
| | २.११ जिरो टिल सिड ड्रिल | |
| | २.१२ रिजर / वण्ड फर्मर | |
| | २.१३ मेज प्लान्टर | |
| | २.१४ पोटेटो प्लान्टर | |
| | २.१५ पोटेटो डिगर | |
| | २.१६ रिपर मेशिन | |
| | २.१७ मल्टी क्रप थ्रेसर | |
| | २.१८ धान थ्रेसर | |
| | २.१९ गँहु थ्रेसर | |
| | २.२० मेज सेलर | |
| | २.२१ मेज डिहस्कर | |
| | २.२२ पावर स्प्रेयर/ बुम स्प्रेयर | |
| | २.२३ फर्टीलाईजर ब्रोडकास्टर / स्प्रेडर | |

▲ दोश्रो संशोधनद्धारा खारेज

☼ दोश्रो संशोधनद्धारा थप



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ३ | पावर टिलर विथ कल्टीभेटर | | अधिकत्तम २० एच. पी सम्म मात्र |
| ४ | पावर टिलरका एट्याचमेन्टहरु | | |
| | ४.१ | एन्टी स्किड ह्वील | |
| | ४.२ | एन्टी स्किड ह्वील कनेकटर हब कनेकटर | |
| | ४.३ | डिस्क प्लाव | |
| | ४.४ | डिस्क हैरो | |
| | ४.५ | रिजर / वण्ड फर्मर | |
| | ४.६ | सिड कम फर्टिलाईजर ड्रिल | |
| | ४.७ | सिड ड्रिल | |
| | ४.८ | पोटेटो प्लान्टर | |
| | ४.९ | पोटेटो डिगर | |
| | ४.१० | रिपर | |
| | ४.११ | थ्रेसर | |
| | ४.१२ | मल्टी क्रप थ्रेसर | |
| | ४.१३ | पावर स्प्रेयर | |
| ५ | मिनि टिलर | | अधिकत्तम ९ एच.पी सम्म मात्र |
| ६ | मिनि टिलरका एट्याचमेन्टहरु | | |
| | ६.१ | हिलो चक्का / एन्टी स्कीड व्हील | |
| | ६.२ | सिड ड्रील | |
| | ६.३ | रिजर | |
| | ६.४ | एन्टी-याप ब्लेड | |
| | ६.५ | डिप टिलिङ्ग ब्लेड | |
| | ६.६ | पोटेटो प्लान्टर | |
| | ६.७ | पोटेटो डिगर | |
| | ६.८ | रिपर | |
| | ६.९ | थ्रेसर | |
| | ६.१० | पावर स्प्रेयर | |
| ७ | स्वचालित उपकरणहरु | | |
| | ७.१ | राईस ट्रान्सप्लान्टर ( म्यानूयल ) | |
| | ७.२ | राईस ट्रान्सप्लान्टर ( वाक बिहान्ड ) | |
| | ७.३ | राईस ट्रान्सप्लान्टर ( राईडिङ्ग टाईप ) | |
| | ७.४ | सिडलिङ्ग मेशिन | |

मा. दावा दोर्जे लामा
मन्त्री

| | | | |
|---|---|---|---|
| | ७.५ | रिपर | |
| | ७.६ | रिपर बाईनडर | |
| | ७.७ | मल्टी क्रप थ्रेसर | |
| | ७.८ | थ्रेसर | |
| | ७.९ | पैडल थ्रेसर, इलेक्ट्रिकल/म्यानुयल | |
| | ७.१० | मेज सेलर | |
| | ७.११ | मेज डिहस्कर | |
| | ७.१२ | पावर स्प्रेयर | |
| | ७.१३ | ब्रस कटर | |
| | ७.१४ | ♠महं र जडीबुटीहरुको उत्पादन र प्रशोधनमा प्रयोग हुने औजार उपकरणहरु | |
| | ७.१५ | ☼ च्याउको लागि परालको डल्ला बनाउने उपकरण | |
| | ७.१६ | ☼ सेल्फ प्रोपेल्ड रिपर | |
| | ७.१७ | ☼ कम्बाईण्ड राइस मिल | |
| | ७.१८ | ☼ प्लान्टर | |
| | ७.१९ | ☼ डिस्क मिल | |
| | ७.२० | ☼ ग्राईण्डर | |
| | ७.२१ | ☼ एनिमल रिपेलर | |
| | ७.२२ | ☼ डिपलर | |

---

♠ दोस्रो संशोधनद्वारा संशोधित

☼ दोस्रो संशोधनद्वारा थप

Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

| | | |
|---|---|---|
| ७.२३ | ∅ Portable Digital Soil Testing Equipment | |
| ७.२४ | ∅ Fogger ( किटानु मार्ने) | |
| ७.२५ | ∅ Folding Crate | |
| ७.२६ | ∅ Soil Pit Digger | |
| ७.२७ | ∅ Rake (ड्याङ्ग सम्याउने औजार) | |
| ७.२८ | ∅ Triangular Hoe ( बिरुवा रोप्ने औजार) | |
| ७.२९ | ∅ Grey square Scraper ( छेउ कुना काट्ने औजार) | |
| ७.३० | ∅ Grey Triangular Scraper ( ड्याङ पार्ने औजार) | |
| ७.३१ | ∅ Strong Shovel ( बलियो साबेल) | |
| ७.३२ | ∅ Grab Hoe( हलुका फरुवा) | |
| ७.३३ | ∅ Fork ( भकारो सोर्ने औजार) | |
| ७.३४ | ∅ Broad Mouth Shovel (फराकिलो मुख भएको साबेल) | |
| ७.३५ | ∅ Sickle ( घाँस तथा झारपात काट्ने औजार) | |
| ७.३६ | ∅ Cocopeat block machine ( Coconut & Sugarcane block) | |
| ७.३७ | ∅ Coffee planting, processing सम्बन्धी विभिन्न औजार तथा उपकरणहरु | |
| ७.३८ | ∅ Potato planting, harvesting, grading सम्बन्धी औजार तथा उपकरणहरु | |
| ७.३९ | ∅ अलैची Dryer | |
| ७.४० | ∅ कृषकहरुबाट माग भएका अन्य उपकरणहरु | |

**ख. पशुपन्छी क्षेत्रको लागि**

| सि.नं. | कृषि मेशिनरी, औजार उपकरणहरुको नाम | क्षमता ( hp) / आदि |
|---|---|---|
| १ | ♠ पशुपन्छी पालनको लागि यन्त्र उपकरण | |

---

∅ तेश्रो संशोधनद्वारा थप

♠ दोश्रो संशोधनद्वारा संशोधित



Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

| | | | |
|---|---|---|---|
| | १.१ | मिल्किङ्ग मेशिन | |
| | १.२ | साइलेज पैकेजिङ मेशिन | |
| | १.३ | पनिर भ्याट | |
| | १.४ | मिल्क एनालाइजर | |
| | १.५ | च्यापकटर( मोटर सहित) | |
| | १.६ | चिलिङ्ग भ्याट | |
| | १.७ | पास्चुराइजर | |
| | १.८ | आइस्क्रिम भ्याट | |
| | १.९ | यू.एम.एम.वि बनाउने मेसिन | |
| | १.१० | दाना बनाउने मेसिन | |
| | १.११ | डिफिदरिङ्ग मेसिन | |
| | १.१२ | क्याटल डिपिङ्ग ट्याङ्क | |
| | १.१३ | मल्टि फङ्सनल च्यापकटर | |
| | १.१४ | मिल्क क्यान | |
| | १.१५ | डि- फ्रिज | |
| | १.१६ | टि.एम.आर मेसिन | |
| | १.१७ | ∅ कृषकहरुबाट माग भएका अन्य उपकरणहरु | |

☼ग. मत्स्य उत्पादनको लागि पोखरीमा यान्त्रिकरण तर्फ

| सि.नं. | कृषि मेशिनरी, औजार उपकरणहरुको नाम | | क्षमता (hp)/ आदि |
|---|---|---|---|
| १ | मत्स्य पोखरीमा यान्त्रीकरण | | |
| | १.१ | ⊗ एरिएटर( कृषकबाट माग बमोजिम) | |
| | १.२ | ♥ ..................... | |
| | १.३ | फिस पेलेट मेशिन( ग्राइन्डर सहित) | |
| | १.४ | अटोम्याटिक फिस फिडर | |
| | १.५ | ग्रास क्रसर/ स्रेडर | |
| | १.६ | एयर पम्प | |
| | १.७ | रेफ्रिजिरेशन भ्यान | |

---

∅ तेश्रो संशोधनद्वारा थप

⊗ तेश्रो संशोधनद्वारा संशोधित

♥ तेश्रो संशोधनद्वारा झिकिएको

☼ दोश्रो संशोधनद्वारा थप

Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

| | | | |
|---|---|---|---|
| | १.८ | फिड मेशिन | |
| | १.९ | मड पम्प | |
| | १.१० | पि एच मिटर | |
| | १.११ | डिजल्भ अक्सिजन मिटर | |
| | १.१२ | डी फ्रीज ( हार्भेष्ट भएको माछा संरक्षणका लागि) | |
| | १.१३ | ∅ Submersible water Pump | |
| | १.१४ | ∅प्लाष्टिक सिल पोलिन | |
| | १.१५ | ∅कृषकहरुबाट माग भएका अन्य उपकरणहरु | |

☼ देहायका यन्त्र उपकरणहरु ५० प्रतिशत अनुदानमा "सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४" बमोजिम खरिद गरिनेछः-

१. फोर ह्वील ट्याक्टर( अधिकत्तम ६० एच.पि.)

२. ढुवानी ट्रक

३. कम्बाईण्ड हार्भेष्टर

४. सिङ्गल क्याप पिकअप

५. लेजर ल्याण्ड लेभेलर ( खाडल खन्ने मेसिन सहित)

<u>नोटः</u> १. उपरोक्त अनुसारका यन्त्र उपकरणहरुको लागि कृषक समूह/सहकारी/नीजि फार्मले आवेदन दिन तराईमा कम्तिमा ५० बिगाहा, पहाडमा कम्तिमा ४०० रोपनी जग्गा चक्लाबन्दी वा एकिकृत रुपमा भएको हुनु पर्नेछ वा खेती गर्ने गरी जग्गाको विवरण (लिज) पेश गर्नु पर्नेछ ।

२. सामूहिक खेती लागु भएका स्थानहरुमा ठूला मेसिनरीहरुमा ७५ प्रतिशत सम्म अनुदान दिन सक्नेछ ।

३. फिल्टिङ्ग मेसिन (भेंडाको लागि) का लागि ५० प्रतिशत सम्म अनुदान दिन सक्नेछ ।

---

∅ तेश्रो संशोधनद्वारा थप

☼ दोश्रो संशोधनद्वारा थप



Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची-३
(दफा ४ सँग सम्बन्धित)

**Application for Form**

1. Firm Name :- ..........................................................................................
2. Head Office Address :-...............................................................................

   Telephone:-............................ Fax..................................
3. Responsible Person.....................................................................................

   Position..........................................................................................

   Telephone..................... Mobile.................. Fax:-................

   Email:-..........................................................................................
4. Firm Registration No........................ Registered Office............................

   Date................................................................................
5. PAN/VAT Registration No........................... Date....................................
6. Business Type/ Purpose :.................................................................
7. Financial Situation of Last three Years. ( Attach Audited report of three years)

   Information from Balance sheet

| Fiscal Year | 1 | 2 | 3 |
|---|---|---|---|
| Total Assets | | | |
| Total Liabilities | | | |
| Net Worth | | | |
| Current Assets | | | |
| Current Liabilities | | | |

Information from Income Statement

| Fiscal Year | 1 | 2 | 3 |
|---|---|---|---|
| Total Revenues | | | |
| Profit Before Tax | | | |
| Profit After Tax | | | |

१६

Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

Financial Resources ( Add if required )

| No. | Source of Financing | Amount |
|---|---|---|
| 1 | | |
| 2 | | |

Note – The letter from the bank must be unconditional

8. Human Resource Capability

| S.N. | Name | Position | Qualification ( Must submit certificate copy)* | Experience (Year) |
|---|---|---|---|---|
| | | Manager | | |
| | | Account/Sales/ Marketing | | |
| | | Engineer/Sub Engg/Mechanics | | |

*Attach C.V. & certificate otherwise will not be considered for evaluation.

9. Rate and details of the Equipments that the firm can supply as of annex-1 (Attach the relevant catalogs, specifications etc.)

Brief Specification of Equipments

| S. N. | Name of the equipments | Brand | Model | Power, HP | Per unit cost ( Including VAT & Tax) | | Free Spare Parts including Tool Box | No. of Free servicing after sales |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | Rate in figures | Rate in words | | |



Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

10. Availability of Equipments that the firm can supply as of annex-1 ( For One FY)

| S. N. | Name of the equipments | Brand | Model | Available in stock (N0s) | Quantity that can be supplied in one FY | Rate in figures | Total Amount (NRs)* |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

*Please submit deposit voucher or bank guarantee of 2.5% of the Total Amount ( NRs.) that the firm can supply in one FY. If not submitted the firm will not be eligible for evaluation.

11. Availabilities of Spare Parts ( Attach separate sheet if required)

| S.N. | Parts Name | Quantity | Unit Rate in figures | Amount |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

12. Performance test certificates of individual equipments and machineries

Total Spare Parts available in NRs……………………………..( must be quoted for evaluation purpose)

12. Dealer, Branches and Distributes in the country

| S.No. | Name | Address | Contact person | Email | Telephone | Mobile |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

Submit copy of dealership agreement with firm registration , PAN or VAT registration otherwise will not be considered for evaluation.

13. Service Centers

| S.No. | Name | District | Types of services Available ( Routing/Regular/ Engine Overhaul) | Address | Contact Person | Email | Telephone | Mobile |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

Submit copy of dealership agreement with firm registration, PAN or VAT registration otherwise will not be considered for evaluation.

14. Professional Experiences

15. Specific Experience ( Please submit supporting documents)

I hereby declare that the above submitted information are true and correct based on relevant documents and our knowledge and we are not ineligible to participate in the expression of interest, has no conflict of interest in the proposed procurement proceedings and has not been punished for the profession or business related offence.

(Signature of Authorized Person)

Name ..............................

Position ............................

| Office stamp |
|---|
| |

Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची – ४

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

## अनुदानमा कृषि यन्त्र उपकरण प्राप्त गर्न चाहने साझेदारले कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पेश गर्ने निवेदनको ढाँचा

मितिः

श्रीमान् प्रमुखज्यू,
कृषि ज्ञान केन्द्र / भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,
........................................ ।

विषय : कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराई पाउँ ।

मलाई/ हामीलाई कृषि / पशुपन्छी क्षेत्रमा उपयोग गर्नका लागि "कृषि यान्त्रिकरण प्रवर्द्धन सम्वन्धी कार्यविधि, २०७५" अनुसार मिति........................प्रकाशन गरिएको सूचनाको आधारमा उल्लेखित मध्येको आवश्यक परेको कृषि यन्त्र उपकरणहरु प्रारम्भिक छनौटको फाराममा भरी सेटमा कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराई पाउनका लागि यो निवेदन पेश गरेका छु / छौं ।

१.
२.
३.

निवेदक
दस्तखत :
नाम :
साझेदारको नाम :
पद :
साझेदारको छाप :

२०

Scanned with CamScanner

मा. दावा दोर्जे ला...
मन्त्री

## कृषि यन्त्र उपकरण अनुदानमा लिन साझंदार संस्थाले प्रारम्भिक छनौटका लागि भर्ने फारम

(क) साझेदारको विवरण :

१. संस्थाको नाम :-............................................अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्र. प. न. .................................../जारी मिति.............................................

२. दर्ता नं. ............ दर्ता मिति ........................ दर्ता निकाय ........................................

३. स्थायी ठेगाना :- जिल्ला ..............गाँउ/ नगरपालिका...............वडा नं. ...... टोल .........

४. हालको ठेगाना :- जिल्ला ..............गाँउ/ नगरपालिका...............वडा नं. ...... टोल .......

५. सम्पर्क : मोबाईल नं. ......................... फोन नं. .......................ईमेल .........................

६. सम्पर्क व्यक्तिको नाम :- ............................ पद: ................. मोबाईल नं. ...............

७. नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वित्तिय संस्थाको नाम :................................ ठेगाना ............................................ खाता नं. ........................................................

८. साझेदारको PAN No. ..............................................

९. सदस्य संख्या : महिला ............ पुरुष ................... दलित ............ जनजाती ...............

१०. लाभान्वित कृषक संख्या : प्रत्यक्ष ......................... अप्रत्यक्ष ...............................

११. प्राप्त गर्न चाहेको कृषि यन्त्रहरुको विवरण

| सि. नं. | ♥.............. | यन्त्रको नाम | ब्राण्ड | मोडल | हर्ष पावर / साईज | मूल्य रु | अनुदान रकम रु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

♥ तेश्रो संशोधनद्वारा झिकिएको

मा. दावा दोर्जे लामा
मन्त्री

१२. प्राप्त कृषि यन्त्रहरु उपयोग गर्ने ............................................ क्षेत्र :

| सि. नं. | जिल्ला | गाँउ/ नगरपालिका |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

१३. कृषि यन्त्र उपकरण अनुदानमा लिन म / हामी छनौट भएमा अनुदान बाहेक नगद तिरी कार्यक्रममा संग्लन हुन सहमत छु / छौं ।

माथि पेश गरेको विवरण ठिक साँचो छ , छुठा भएमा कानुनी कार्वाही भएमा राजी छु / छौं । मलाई / हामीलाई त्यस निर्देशनालय वा ज्ञान केन्द्र वा विज्ञ केन्द्रबाट व्यवस्था भए बमोजिमको अनुदानमा उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु / छौं ।

संस्थाको छाप

निवेदकको सही :

मिति :

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची-५
(दफा १० सँग सम्बन्धित)

## अनुदान रकम भुक्तानी आवेदन फाराम

१. *जिल्ला ........................ गाँउ / नगरपालिका ......................... बस्ने साझेदार श्री ......................... छनौट भई माग गरे बमोजिम कृषि यन्त्र उपकरण.................को खरीद / बिक्री मूल्य रु. ..................... अक्षरेपी ........................................ को कृषि यन्त्र उपकरण .......................आपूर्तिकर्ताको खातामा जम्मा गराईएको छ ।

२. कृषि यन्त्र उपकरण बुझिलिनेको नाम.......................... सही.....................
मिति.......................... छाप.......................................

३. ..............................साझेदारलाई ..............................कृषि यन्त्र उपकरण खरिद गरे बापत कृषि यन्त्र उपकरणको साझेदारले पाउने अनुदान रकम.............................. (अक्षरेपी........................................................) सम्बन्धित साझेदारको बैक खातामा जम्मा गरिदिनु हुन सिफारिश गर्दछु ।

आपूर्तिकर्ताको नाम र ठेगाना :- ..............
आधिकारिक व्यक्तिको सही :- ................
आधिकारिक व्यक्तिको नाम :- ................
दर्जा :- ................

**ज्ञान केन्द्र वा विज्ञ केन्द्र प्रयोजनको लागि**

४. आपूर्तिकर्ताको ..................................बैक.......................ठेगानामा रहेको खाता न. .................................................... मिति..........................मा जम्मा गरेको सक्कल भौचर ।

* दोश्रो संशोधनद्वारा संशोधित

२३

मा. दावा दोर्जे लामा
मन्त्री

५. उपरोक्तानुसार भएको देखिएकोले कृषि यन्त्र उपकरण अनुदान रकम रु. ............... अक्षरेपी ........................................................................ साझेदारको नाममा भुक्तानी प्रयोजनार्थ सिफारिश गर्दछु ।

६. ..............................................कृषि यन्त्र उपकरण खरिद गरि ल्याएको फोटो ।

सही :- ...........................

दर्जा :- ..........................

स्वीकृत गर्ने अधिकारी :- ...................

मिति :-...........................

२४

Scanned with CamScanner

प्रदेश सरकार
कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची-६
(दफा ८ सँग सम्बन्धित)

**साझेदार र ज्ञान केन्द्र/विज्ञ केन्द्र बीचको सम्झौता-पत्र**

♠कृषि विकास निर्देशनालय वा पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय, ⊗बागमती प्रदेश, हेटौडा, कृषि ज्ञान केन्द्र,................/ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,............ को आ.व. .......... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कृषिमा यान्त्रिकरण प्रवर्द्धन, सहयोग तथा क्षमता विकास सम्बन्धी कार्यक्रम संचालनको लागि मिति .......... गतेको .......... राष्ट्रिय दैनिक /स्थानिय साप्ताहिक /स्थानिय दैनिक पत्रिकामा प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये श्री ......................... को प्रस्ताव छनौट भएको हुंदा कृषि ज्ञान केन्द्र,..............................वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र................................ (यसपछि प्रथम पक्ष भनिने) र श्री ..................(यसपछि दोस्रो पक्ष भनिने) बिच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी कार्यक्रम संचालनका लागी द्वि-पक्षिय सम्झौतागरि बुझिलियौं/दियौं ।

**तपशिलः**

१. दोश्रो पक्षले आपूर्तिकर्ता मूल्याङ्कन समितिबाट छनौट भएको आपूर्तिकर्ताबाट............................ कृषि यन्त्र उपकरण खरिद गर्नु पर्नेछ।

२. ♠प्रथम पक्षले कृषि यन्त्र उपकरणको परल मूल्यको ⊗५० प्रतिशत सम्मको अनुदान रकम बराबर कृषि यन्त्र उपकरण उपलब्ध गराउनेछ ।

३. ♠दोश्रो पक्षले चाहेको कृषि यन्त्र उपकरणको परल मूल्यको घटिमा ⊗५० प्रतिशत सम्मको रकम स्वलगानी गर्नुपर्नेछ ।

४. ♠दोश्रो पक्षले खरिद गर्न चाहेको कृषि यन्त्र उपकरणको खरिद रकम.................... छनौट भएका आपूर्तिकर्ता ..................................................खातामा जम्मा गर्नु पर्नेछ ।

५. ♠दोश्रो पक्षले खरिद रकम जम्मा गरेको सक्कल भौचर, बिल विजक, साक्षेदारले कृषि यन्त्र उपकरणको फोटो प्रथम पक्षलाई पेश गर्नु पर्नेछ ।

६. ▲..........................

---

⊗ तेश्रो संशोधनद्वारा संशोधित

♠ दोश्रो संशोधनद्वारा संशोधित

▲ दोश्रो संशोधनद्वारा खारेज



Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

७. कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन, व्यवस्थापन, जोखिम र दिगोपनका लागी गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

८. कार्यक्रम संचालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

९. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

१०. सम्झौता अनुरुप काम नगर्ने दोस्रो पक्षलाई कार्यालयले अनुदान रोक्का गर्नेछ ।सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा दोस्रो पक्षबाट प्रचिलत कानून अनुसार हर्जना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

| **दोस्रो पक्षको तर्फबाटः** | **प्रथम पक्षको तर्फबाटः** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| साझेदारः | कार्यालयः |
| साझेदारको छापः | कार्यालयको छापः |

**रोहवर**

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| साझेदारः | कार्यालयः |
| साझेदारको छापः | कार्यालयको छापः |

इति सम्वत् .............. साल ................ महिना ......... गते रोज ........ शुभम् ।



Scanned with CamScanner

अनुसूची -७

( दफा ९ सँग सम्बन्धित)

## साझेदार र आपूर्तिकर्ता बीचको सम्झौता-पत्र

यो सम्झौता मिति २०...../ / मा दिन ...............(त्यसपछि आपूर्तिकर्ता भनिने) र ................(त्यसपछि साझेदार भनिने) बिच कृषि यन्त्र, उपकरणहरु अनुदानमा वितरण कार्य सम्पन्न गर्नका लागि "कृषि यान्त्रीकरण प्रर्वद्धन सम्बन्धी कार्यविधि, २०७५" वमोजिम मूल्याङ्कन समितिबाट छनौट भएका कृषि यन्त्र, उपकरणहरुको मोडेल, ब्राण्ड र क्षमताको स्वलगानी तर्फको रकम सम्बन्धित छनौट भएका आपूर्तिकर्ताहरुको खातामा जम्मा गर्न सहमत भई तपशिलका शर्तहरुको अधिनमा रही यो सम्झौता गरिएको छ ।

शर्तहरुः

१) स्वीकृत "कृषि यान्त्रीकरण प्रर्वद्धन सम्बन्धी कार्यविधि, २०७५" यस सम्झौताको अभिन्न अंग मानिनेछ ।

२) मूल्याङ्कन समितिको निर्णय अनुसारका कृषि यन्त्र, उपकरणको ब्राण्ड/मोडेल/क्षमता र अनुदान रकम सम्बन्धि निर्णय यो सम्झौताको अभिन्न अंग हुने छ ।

३) आपूर्तिकर्ताले निम्न बुँदाहरु अनुसारका शर्तहरु पुर्ण रुपले पालना गर्नुपर्नेछ ।

क. ♠साझेदारले कृषि यन्त्र उपकरण बुझ्ने समयमा खरिद तर्फको रकम आपूर्तिकर्ताको बैक खातामा जम्मा गर्नुपर्नेछ ।

ख. ♠आपूर्तिकर्ताले शर्त (क) अनुसार समयमा साझेदारलाई कृषि यन्त्र उपकरण उपलब्ध नगराएमा साझेदारले ज्ञान केन्द्र वा विज्ञ केन्द्रमा जानकारी गराउनुपर्ने छ। सो अवस्थामा ज्ञान केन्द्र वा विज्ञ केन्द्रले प्रचलित कानून बमोजिम आपूर्तिकर्ताबाट असुल उपर गर्न सकिने छ ।

ग. ♠स्वीकृत अनुदान रकम भन्दा बढी कृषि यन्त्र उपकरण बिक्री गरेमा विक्री गरिएको कृषि यन्त्र उपकरणमा अनुदान दिइने छैन सो को जिम्मेवारी आपूर्तिकर्ता स्वयं नै हुने छ ।

घ. आपूर्तकर्ताले अनुदान लिने साझेदारलाई कृषि उन्त्र उपकरण संचालन तथा मर्मत सम्बन्धि तालिमको व्यवस्था गर्नुपर्ने छ ।

---

♠ दोश्रो संशोधनद्धारा संशोधित

ङ. अनुदानमा वितरित कृषि उन्त्र उपकरणमा अनुसूचि-८ को ढाँचा अनुसार प्रिन्ट वा प्लेट लेखी अनिवार्य टाँस गर्नुपर्ने छ।

४) साझेदारले निम्न बुँदाहरु अनुसारका शर्तहरु पुर्ण रुपले पालना गर्नुपर्ने छ :-

क. साझेदार कृषि पेशा, व्यवसायमा संलग्न भएको हुनु पर्ने छ ।

ख. अनुदानमा उपलब्ध गरिएको कृषि यन्त्र उपकरण कृषि कार्यमा प्रयोग नगरी अन्य गैर कृषि कार्यमा प्रयोग गर्न पाइने छैन ।

ग. ♠साझेदारले खरिद रकम कृषि यन्त्र उपकरण बुझ्ने समयमा सम्झौता भएका आपूर्तिकर्ताको बैंक खातामा जम्मा गर्नुपर्नेछ ।

घ. ♠अनुसुची – ७ अनुसार भएको सम्झौता बमोजिम साझेदारले प्राप्त गर्ने अनुदान रकम आपूर्तिकर्तालिे भुक्तानी गर्न समन्वय गर्नुपर्ने छ ।

५) सम्झौतामा उल्लेख भएको कुराहरु सम्झौता बमोजिममा र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ

६) कुनै कुराहरु स्पष्ट नभएमा वा कुनै कुरामा विवाद भएमा दुवै पक्षको आपसी छलफलबाट निर्णय गरिनेछ र केही गरी टुङ्गो नलागेमा प्रचलित ऐन नियम अनुसार ज्ञान केन्द्र वा विज्ञ केन्द्रबाट भएको निर्णय अन्तिम हुनेछ ।

७) यस कार्यको सम्झौता आजका मिति देखि प्रारम्भ हुनेछ ।

८) उपरोक्त अनुसारका आपूर्तिकर्ता र साझेदार दुबै सहमत भई यो सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

| <u>साझेदारको तर्फबाट</u> | <u>ज्ञान केन्द्र वा विज्ञ केन्द्र तर्फबाट</u> | <u>आपूर्तिकर्ताको</u> |
|---|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| नाम/थरः | नाम/थरः | नाम/थरः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |

<u>रोहवर</u>

| | | |
|---|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| नामः श्री............ | नामः श्री......... | नामः श्री............... |
| पदः | पदः | पदः |
| संस्थाको नामः | छापः | संस्थाको छापः |

♠ दोश्रो संशोधनद्वारा संशोधित



मा. दावा दोर्जे लामा
मन्त्री

Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

## अनुसूची – ८

(दफा ११ सँग सम्बन्धित)

अनुदान प्रवाहमा उपलब्ध हुने कृषि यन्त्र उपकरणमा आपूर्तिकर्ताले राख्नुपर्ने प्रिन्ट वा प्लेटको ढाँचा

| |
|---|
| प्रदेश सरकार<br>⊗बागमती प्रदेश, हेटौडा<br>भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय<br>.......................................... निर्देशनालय<br>∅..............................<br>बाट अनुदान प्राप्त<br>आ.व. :- ...........................<br>आपुर्तिकर्ता : .................... |

---

⊗तेश्रो संशोधनद्वारा संशोधित

∅तेश्रो संशोधनद्वारा थप

२९